'मौद्रिक नीतिले आर्थिक गतिविधि बढाउने अपेक्षा'

आर्थिक संवाददाता
काठमाडौं, असार २९

नेपाल उद्योग परिसंघले नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले आर्थिक गतिविधि बढाउने अपेक्षा राखेको जनाएको छ । परिसंघले एक विज्ञप्ति जारी गरी मौद्रिक नीतिले निजी क्षेत्रका अधिकांश माग पूरा गरेको उल्लेख गरेको छ । परिसंघका अनुसार चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई उद्योग व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा परिमार्जन गर्ने घोषणा सकारात्मक छ । यद्यपि, चालू पूँजीकर्जा आवश्यक हुने उत्पादनमूलक उद्योग, निर्माण क्षेत्रलगायतका व्यवसायका लागि समेत हुने गरी परिमार्जन गरिनुपर्ने परिसंघको सुझाव छ । विद्यमान कर्जाको वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था पनि अध्ययन गरेर पुनरावलोकन गर्ने, ग्राहकको क्रेडिट स्कोरको आधारमा समेत कर्जा प्रदान गर्न दिने नीति अवलम्बन गर्ने विषयलाई परिसंघले सकारात्मकरूमा लिएको उल्लेख गरेको छ ।

'हुलाकी राजमार्ग तथा मध्यपहाडी लोकमार्ग आसपासका उद्योग व्यवसायको तीन करोडसम्मको कर्जाको ब्याज आधारदरमा दुई प्रतिशत प्रिमियम लान्ने गरी दिने र त्यस्तो कर्जालाई साना मझौला उद्यमका लागि तोकिएको क्षेत्रको कर्जामा गणना गर्न दिने भनिएको छ', परिसंघले भनेको छ, 'यसले तीन करोडसम्मको कर्जा लिने साना तथा मझौला उद्यमीलाई विद्यमान अप्ठ्यारो अवस्थाको सामना गर्न सहयोग गर्नेछ ।' यस्तै, वैदेशिक रोजगारीमा जाने युवाले लिएको तीन लाखसम्मको र महिलाले लिएको पाँच लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न दिने व्यवस्थाले पुँजीको दबाबमा रहेका बैंकलाई थप लगानीका लागि केही सहजता प्रदान गर्ने परिसंघको विश्वास छ ।

पूर्वाधारमा लगानी गर्नेगरी स्थापित संस्थाले जारी गर्ने डिबेन्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सक्ने व्यवस्थाले पूर्वाधारमा रहेको लगानीको कमी सुधार्न आंशिक सहयोग पुग्ने परिसंघको भनाइ छ । 'लघुवित्तले १५ प्रतिशतभन्दा बढी लाभांस (नगद वा बोनस) बाँड्न लगाइएको अंकुशमा पुनरावलोकन गर्ने भनिएको छ', परिसंघले भनेको छ, 'यसले लगानीकर्ताको हातमा जाने पैसा (नगद लाभांश) बढ्ने र माग वृद्धिमा थोरै भए पनि सहयोगी हुनेछ ।' मौद्रिक नीतिले कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको हिस्सा घट्दै गएको तथ्य आत्मसाथ गरेको परिसंघको भनाइ छ । बजार मागमा संकुचनका कारण नै निजी क्षेत्रको लगानी पनि खुम्चिँदै गएको उल्लेख गर्दै परिसंघले उपभोक्ताको मनोबल सुधारेर माग बढाउने र पुँजी निर्माणमा निजी लगानी बढाउन प्रोत्साहित गर्नेगरी राष्ट्र बैंकले निर्देशन/मार्गदर्शनहरु ल्याउने विश्वास जनाएको छ ।

ब्याजदर कोरिडोरको माथिल्लो सीमा तथा तल्लो सीमा र नीतिगत दरलाई क्रमशः छ दशमलव पाँच प्रतिशतबाट छ प्रतिशत, तीन प्रतिशतबाट दुई दशमलव ७५ प्रतिशत र पाँच प्रतिशतबाट चार दशमलव पाँच प्रतिशतमा झारिएको छ । यसले ब्याजदरलाई माथि जान नदिने र अहिलेको भन्दा थप घटाउन र कर्जा माग बढाउन मद्दत गर्ने परिसंघले उल्लेख गरेको छ । राष्ट्र बैंकले ऋणपत्र निष्काशन गर्ने भनिएको हुँदा यसले बजार शिथिल भएर लगानीका विकल्प साँघुरिएको अवस्थामा लगानीकर्तालाई विकल्प दिने र यसले बैकिङ प्रणालीमा रहेको संरचनागत तरलता व्यवस्थापनमा पनि मद्दत गर्ने परिसंघको विश्वास छ ।

बैंक तथा वित्तीय संस्था स्वःनियमनमा रही ऋणीको परियोजना, ज्ञान, सीप र क्षमताको विश्लेषणलाई उच्च प्राथमिकता दिएर कर्जा दिन सक्ने मौद्रिक नीतिमा भनिएको छ । केन्द्रीय बैंक खास उद्देश्यमन्दा बढी माइन्को म्यानेजमेन्टमा केन्द्रित भएको आरोप लागिरहेका बेला बैंकहरुलाई स्वनियनमा बस्दै स्वविवेकमा कर्जा प्रवाह गर्न दिएर राष्ट्र बैंकले सुपरीवेक्षणमा ध्यान दिने संकेतलाई सकारात्मकरूमा लिएको पनि परिसंघले उल्लेख गरेको छ ।

परिसंघका अनुसार मौद्रिक नीतिले निजी आवासीय घर निर्माण/खरिदका लागि बैंक कर्जाको सीमा दुई करोडबाट तीन करोड पुऱ्याउने, पहिलोपटक घर खरिदकर्ताका लागि कर्जा मूल्य अनुपात ८० प्रतिशत र अन्य होम लोनको हकमा यो अनुपात ७० प्रतिशत कायम गर्ने व्यवस्थाले बजार मनोविज्ञानमा सुधार गर्न र निर्माण क्षेत्र तथा यससँग अन्तरसम्बन्धित निर्माण सामग्रीको माग बढाउन मद्दत गर्नेछ । यस्तै, सेयर धितोमा दिने कर्जा एकल ग्राहक कर्जा सीमा १५ करोडबाट २५ करोड पुर्याउने घोषणाले पुँजीबजारलाई प्रोत्साहन दिने परिसंघको भनाइ छ ।

मौद्रिक नीतिले आगामी आर्थिक वर्ष निजी क्षेत्रतर्फ १२ प्रतिशत कर्जा विस्तार गर्ने लक्ष्य राखेको छ । चालू आर्थिक वर्षमा राखिएको १२ दशमलव पाँच प्रतिशत कर्जा विस्तारको लक्ष्य राखेकोमा जेठ मसान्तसम्म साढे आठ प्रतिशतको हाराहारीमा मात्रै रहेको छ । आगामी आर्थिक वर्ष छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने वित्तीय नीतिको लक्ष्य समेत रहेको हुँदा सोहीअनुरुप केन्द्रीय बैंकले आगामी दिनमा अन्य आवश्यक नीति लिने परिसंघको विश्वास छ । मौद्रिक नीतिमा उल्लेख गरिएका विषयहरु सम्बोधन गर्नेगरी राष्ट्र बैंकबाट निर्देशनहरु जारी हुने परिसंघको अपेक्षा छ । बैंक ब्याजदर निर्धारणमा आधार दरको विद्यमान अभ्यासबाट माथि उठ्दै एमसीएलआर र ईबीएलआरमा जानुपर्ने, निर्देशित क्षेत्रको कर्जा लगानी सीमा घटाउँदै जानुपर्नेलगायतका सुझावहरु पनि आगामी दिनमा सम्बोधन हुने परिसंघले विश्वास लिएको छ ।

नेपाल र जर्मनीबीच व्यापार तथा लगानी बढाउनुपर्नेमा जोड

आर्थिक संवाददाता
काठमाडौं, असार २९

नेपाली राजदूतावास जर्मनीका राजदूत डा सैल रूपाखेतीले नेपाल र जर्मनीबीच व्यापार तथा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् ।

जर्मन-एसिया प्रशान्त व्यावसायिक संघ र नेपाल-जर्मन उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा जर्मनीको हाम्बर्गमा भएको लगानीलाई सुदृढीकरणसम्बन्धी छलफलमा उनले दुई देशबीचको आर्थिक गतिविधि बढाउनुपर्नेमा जोड दिएका हुन् । कार्यक्रममा उनले नेपालको पर्यटन तथा ऊर्जा क्षेत्रमा धेरै नै लगानीको सम्भावना भएकाले जर्मनीका लगानीकर्तालाई आकर्षित गर्नुपर्ने बताए । यसका लागि भूमिका खेल्न उनले नेपाल-जर्मन उद्योग वाणिज्य संघलाई आग्रह गरे । जर्मन एसिया एसिया प्रशान्त व्यावसायिक संघका प्रमुख अल्मुट रोबनेरले नेपाली व्यावसायिक प्रतिनिधिहरुलाई थप व्यापार साझेदारीलाई नवीन तरिकाले लानुपर्ने बताए ।

उक्त छलफलमा एक सय ५० भन्दा बढी व्यावसायिक सहभागीले भाग लिएका थिए । उनीहरु नेपाली, जर्मन, चिनियाँ, चीन, भारत, पाकिस्तान र अन्य देशका रहेको बताइको छ । उक्त कार्यक्रममा विभिन्न देशका बियरहरु राखिएको थियो, जसमा नेपालको बाह्रसिङ्गे बियर उत्कृष्ट भएको थियो । एयरबसका हेलिकोप्टर नेपालमा सगरमाथा बेस क्याम्पसम्म उड्न सफल भएकोमा जर्मन लगानीकर्ताहरुले हर्ष व्यक्त गरेका थिए । जर्मनबाट नेपालले हेलिकोप्टर आयात गरिरहेको छ । साथै, नेपाली इन्जिनियर्सहरुले राम्रो काम गरिरहेको बारेमा एयरबस अधिकारीहरुले बताएका थिए । तर नेपालले अन्तर्राष्ट्रिय बोलपत्र गर्दा त्यसलाई झेलेर अगाडि बढ्न धेरै कठिनाई भएको उनीहरुको गुनासो थियो । यसलाई सुधार्न सके दुई देशबीच आर्थिक गतिविधि झन् बढ्ने जर्मन लगानीकर्ताहरुले बताएका थिए ।

मौद्रिक नीति सकारात्मक : समुद्रपार निकासी पैठारी संघ

आर्थिक संवाददाता
काठमाडौं, असार २९

नेपाल समुद्रपार निकासी पैठारी संघ
Nepal Foreign Trade Association

नेपाल समुद्रपार निकासी पैठारी संघले नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ का लागि जारी गरेको मौद्रिक नीतिमार्फत गरेका व्यवस्था र घोषणालाई सकारात्मकरूमा लिएको जनाएको छ ।

व्यापदर घटाउने, कर्जा प्रवाह बढाउने र खराब कर्जाका कारण तनावमा रहेका बैंकहरूलाई राहत दिने उद्देश्यले मौद्रिक नीतिमा राखिएका लचिला प्रावधानले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा संघले गरेको छ । 'यो मौद्रिक नीतिबाट सरकार, बैंक, ऋणी, निजी क्षेत्रलगायत सरोकार भएका सबै पक्ष लाभान्वित हुने देखिन्छ' संघका महासचिव जयन्तकुमार अग्रवालद्वारा जारी विज्ञप्तिमा भनिएको छ । मौद्रिक नीतिमार्फत गरिएको नीतिगत व्यवस्थाले अर्थतन्त्रको आपूर्ति पक्षमा सकारात्मक प्रभाव पार्ने संघको अपेक्षा छ । त्यसैगरी घरजग्गा, सेयर बजार, कृषि, साना उद्यममा पनि सकारात्मक प्रभाव पर्ने संघले उल्लेख गरेको छ ।

संघको प्रमुख माग चालूपुँजी कर्जा मार्गदर्शनका प्रावधान पुनरावलोकन गर्ने मौद्रिक नीतिको घोषणा स्वागतयोग्य भए पनि केही क्षेत्रलाई मात्र राहत हुने गरी पुनरावलोकन गरिने संकेत गरिएकोमा भने संघले असन्तुष्टि जनाएको छ । सबै किसिमका व्यवसायमा लागू हुने गरी चालूपुँजी कर्जा मार्गदर्शनका प्रावधानहरु पुनरावलोकन गर्न संघले माग गरेको छ । पहिलो निजी आवासीय घर निर्माणका लागि दिइने कर्जामा सम्पत्तिको मूल्यको ८० प्रतिशत र दोस्रो, तेस्रोमा ७० प्रतिशतसम्म ऋण पाइने व्यवस्थाले बजारमा माग बढाउन योगदान पुग्ने संघको अपेक्षा छ । यस्तै, ब्याजदर कोरिडोरको माथिल्लो सीमा घटाउँदा कर्जाको ब्याजदर अझै कम गर्न मद्दत पुग्नेछ, जसबाट लगानी बढ्ने संघको अपेक्षा छ ।

विदेश भ्रमणमा जाने व्यक्तिले पाउने विदेशी मुद्रा सटही सीमा वृद्धि र बंगलादेश, श्रीलंकालगायत सार्क क्षेत्रका मुद्रालाई परिवर्त्य बनाउने घोषणालाई पनि संघले सकारात्मक मानेको छ । 'मार्जिन प्रकृतिको कर्जाको सीमा वृद्धिले धितोपत्र बजारमा सकारात्मक प्रभाव पार्नेछ भने विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने घोषणाले बैंक र ऋणी दुवैलाई राहत पुग्ने देखिन्छ' संघले भनेको छ । तर आयातमा डीएपी, टीटीजस्ता माध्यमबाट भुक्तानी गर्न पाइने सीमा वृद्धि, विदेशीसँग लिएको सेवाबापत एकपटकमा भुक्तानी गर्न पाइने विदेशी मुद्राको सीमा पुनरावलोकन र टीआर डेको गणना भुक्तानी भएको दिनबाट मात्रै गर्ने व्यवस्था हुनुपर्नेजस्ता संघका जायज मागहरु मौद्रिक नीतिले सम्बोधन गर्न नसकेको जनाएको छ ।

शिवम् सिमेन्टको ब्रान्ड क्याम्पेनअन्तर्गतको दोस्रो भिडियो सार्वजनिक

काठमाडौ
असार २९ । शिवम् सिमेन्टले आफ्नो चर्चित ब्रान्ड क्याम्पेन क्वालिटीको मामलामा नो कम्प्रमाइजअन्तर्गतको दोस्रो भिडियो सार्वजनिक गरेको छ । जसअन्तर्गत घरबेटी र भाडावालबीचको सम्झौतामा आधारित कथामार्फत 'सर्तकताको मामलामा नो कम्प्रमाइज' भन्ने सन्देश दिन खोजेको छ ।

यो भिडियोले विश्वास पाउहरुबाट हुन सक्ने धोका, छलकपटबारे सचेत गराउँदै,

सामान्य जीवनका निर्णयहरुमा पनि विवेक र सतर्कता आवश्यक हुन्छ भन्ने कुरामा जोड दिएको छ । यसअघि क्याम्पेनको पहिलोचरणमा एक कर्तव्यनिष्ठ ट्राफिक प्रहरीको जीवनमार्फत 'कर्तव्यको मामलामा नो कम्प्रमाइज' भन्ने सशक्त सामाजिक सन्देशमूलक प्रचार भिडियो सामग्री प्रस्तुत गरिएको थियो । यो भिडियोले समाजमा कर्तव्यबोध र उत्तरदायित्वप्रतिको चेतना फैलाउने उद्देश्य राखेको थियो । उक्त सामाजिक सन्देशमूलक विज्ञापन दर्शकहरुले अत्याधिक रूचाइएको थिए ।

शिवम् सिमेन्टको यो अभियान केवल विज्ञापन मात्र नभएर समाजप्रतिको उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा केन्द्रित छ । 'नो कम्प्रमाइज भन्न जति सजिलो छ त्यति नै व्यवहारमा पूरा गर्न गाह्रो छ, तर जसले पूरा गर्छ, उसको शिर सदैं ठाडो हुन्छ' भन्ने सन्देशमार्फत, शिवम् सिमेन्टले आफ्नो गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने नीति झन्ने मजबुतरूममा प्रस्तुत गरेको छ ।

इनड्राइभको काठमाडौंमा 'ड्राइभर्स मिट एन्ड ग्रिट'

काठमाडौ असार २९ । इनड्राइभले हालै काठमाडौंमा आफ्ना ड्राइभर पार्टनरहरूसँग 'ड्राइभर्स मिट एन्ड ग्रिट' कार्यक्रम आयोजना गरेको छ ।

कम्पनीका अनुसार कार्यक्रमको उद्देश्य ड्राइभरहरु बीचको आपसी संवादलाई प्रोत्साहन गर्ने र छनोटको स्वतन्त्रता तथा 'सामुदायिक सशक्तीकरण'प्रतिको इनड्राइभको प्रतिबद्धतालाई थप मजबुत बनाउनु रहेको थियो । स्थानीय ड्राइभर पार्टनर्स र इनड्राइभ टिमलाई एकसाथ ल्याउँदै भेलाले प्रत्यक्ष अन्तरक्रिया, साझा अनुभवहरु र सहयोगी छलफलको लागि एक अद्वितीय प्लेटफर्म प्रदान गरेको कम्पनीले जनाएको छ । 'हाम्रो यात्राको सफलताको मूल कारण ड्राइभर पार्टनरहरु हुन्', इनड्राइभ एपीएसी क्षेत्रका ड्राइभर अपरेसन्स हेड, निकोलाइले भने, 'यो भेटघाट र अभिवादन कार्यक्रम उनीहरुको अनुभवहरु सुन्ने, चासो र चुनौतीहरु बुझ्ने र उनीहरुसँगै सिर्वदै अघि बढ्ने थलो बन्यो ।'

कार्यक्रमले आगामी प्लेटफर्म सुधारहरु र चालक अनुभवलाई अझ सुदृढ पार्ने उद्देश्यले डिजाइन गरिएका नयाँ सुविधाहरु र पहलहरुको घोषणा गर्न एक प्रभावकारी लन्चप्याडको भूमिका निर्वाह गरेको जनाइएको छ । यस अवसरमार्फत् इनड्राइभले टेक्नोलोजी र सेवामा नवप्रवर्तनमार्फत चालक-सहयोगीहरुको जीवनलाई अझ सहज, सुरक्षित, र लाभदायक बनाउने आफ्ना योजनाहरु प्रस्तुत गरेको छ ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बुटवल शाखाको ११ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०३/३० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिर्दा बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिर्दा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्न तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल वैशाख महिना २१ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिदार्थनगर, रूपन्देहीमा प्राफ. दर्ता नं. २२७९२/०७८/७९ कायम भई मिति २०७८/०७/१२ मा दर्ता भएको रूपन्देही जिल्ला, सैनामैना नगरपालिका वडा नं. ५ स्थित **गौतम कृषि फार्म** ।
व्यक्तिगत जमानतकर्ताहरूको विवरण :
१ लोकहरी गौतमको छोरी, राम प्रसाद गौतमको श्रीमती, अर्घाखाँची जिल्ला, पोखराथोक गा.वि.स. वडा नं. १ बस्ने **सुरिता गौतम** ।
२. डुण्डी राज गौतमको नाति, खिमानन्द गौतमको छोरा, अर्घाखाँची जिल्ला, पणेना गा.वि.स. वडा नं. १ बस्ने **राम प्रसाद गौतम** ।
धितो सुरक्षणको विवरण :
राम प्रसाद गौतमको नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, परौहा गा.वि.स./न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. ३ क को कित्ता नं. ६६४ को ११५९१२ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सककल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, कामाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५ उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बुटवल शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरियाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल श्रावण महिना १८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/लोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल श्रावण महिना २० गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्यावसः +९७७-१-४५२८२६९, ईमेलः sanima@sanimabank.com

बीमालेख हराएको

एल आई सि (नेपाल) लि.ले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।
नाम : अञ्जली तामाङ
बिमालेख नं. : २३००७९१८८
फोन : ९८४१३१५६०८
ठेगाना : कपन गा.वि.स. बडा नं.६, काठमाडौं, नेपाल

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/१२/१८ गतेका दिन दर्ता भएको दर्ता नं २१२१२५ को **सरना इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउन पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नाम परिबर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०३/३०

यस कम्पनीको मिति २०८२/०२/२९ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **ब्राइट हेभन बोर्डिङ हाइ स्कूल काठमाण्डौ प्रा.लि.** (प्रा.लि.नं.२१०२५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०३/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ब्राइट हेभन बोर्डिङ स्कूल काठमाण्डौ प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०३/३०

यस **टोटन्नी एटेनबन गोल कन्सल्टीङ इंक** (प्रा. लि. नं.२३५५६/०६८/६९) को मिति २०७२/०७/३० को वार्षिक साधारण सभाबाट कम्पनीको नाम परिवर्तन गर्ने विशेष प्रस्ताव बमोजिम नयाँ नाम **'दी आरडेण्ट ग्रुप नेपाल प्रा. लि.** (The Ardent Group Nepal Pvt. Ltd.)' कायम गर्न गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७३।०३।२४ मा स्वीकृति प्रदान गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस कम्पनीको साविक नाममा रहेको सम्पूर्ण अधिकार, चल-अचल श्रीसम्पत्ति, तथा तिर्नु-बेहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नयाँ नामको कम्पनीले सकार्ने बेहोर्ने भएको हुँदा यस कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।